# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड
## Kalika Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**(साबिकको कालिका माइक्रोक्रेडिट डेभलपमेन्ट बैंक लि.)**

**केन्द्रीय कार्यालय** : वालिङ-८, स्याङ्जा, **फोन** : ०६३-४४०५५५/४४०७०४, **फ्याक्स** : ०६३-४४०५५६


# नवौं वार्षिक साधारण सभाको सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस कालिका लघुबित्त वित्तीय संस्था लिमिटेडको मिति २०७५/०९/१८ मा बसेको सञ्चालक समितिको १६३ बैठकको निर्णय अनुसार नवौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पुर्ण शेयरधनि महानुभावहरुको उपस्थितिको लागी अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०७५/१०/१९ गते शनिबार, तदनुसार फेब्रुवरी ०२, २०१९
**समय** : बिहान ११:०० बजे
**स्थान** : होटल भेनस, भकुण्डे, स्याङ्गजा

**छलफलको विषयहरु :**

**आगामी नवौं बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरुः**

संस्थाको आगामी नवौं वार्षिक साधारण सभा मिति २०७५/१०/१९ गते शनिबार तदनुसार फेब्रुवरी २ का दिन दिउँसो ११ बजे होटल भेनस, भकुण्डे, स्यांङ्जामा बोलाउने निर्णय गरियो । सो सभामा देहायका विषयहरु छलफल तथा निर्णयको लागी पेश गर्ने निर्णय भयो ।

**क. सामान्य प्रस्तावहरु**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू बाट प्रस्तुत हुने आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने ।

(३) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप २०७५ आषाढ मसान्तको चुक्ता पूँजी रु १०,००,००,०००/– को ८।०० प्रतिशतले हुने बोनश शेयर वापत रु.८०,००,०००/– र सो बोनश शेयरमा लाग्ने कर वापत रु. ४२१,०५३/– नगद लाभांश गरी कुल रु.८४,२१,०५३/– मात्र बोनस शेयर तथा नगद लाभांश (कर प्रयोजन) पारित गर्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक वर्ष २०७५/०७६ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने । (लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षक श्री एस जे एण्ड एसोसियट्स, काठमाडौं नियुक्तिको लागि ग्राह्य हुनुहुन्छ ।)

(५) संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(६) संस्थाको लागि उपयुक्त स्थानमा जग्गा खरिद गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**ख. बिशेष प्रस्तावहरु**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप २०७५ आषाढ मसान्तको चुक्ता पूँजी रु १०,००,००,०००/– को ८।०० प्रतिशत (रु.८०,००,०००/–) बोनस शेयर स्वीकृत गर्ने र सोही अनुसार जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने । सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गरी आवश्यक संशोधन गर्न सञ्चालक समितीलाई स्वीकृति प्रदान गर्ने ।

२. आर्थिक वर्ष २०७५ आषाढ मसान्तको चुक्ता पूँजी रु. १०,००,००,०००/- को ७५ (पचहत्तर) प्रतिशत हक प्रदक शेयर निस्काशन गर्ने र सोही अनुसार जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने । सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गरी आवश्यक संशोधन गर्न सञ्चालक समितीलाई स्वीकृति प्रदान गर्ने ।

३. संस्थाले एक वा एक भन्दा बढि उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरिक्षक वा लेखापरिक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभीने तथा प्राप्ती सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पुर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पुर्ण कार्य गराउन सञ्चालक समितीलाई सम्पुर्ण अख्तियार प्रदान गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

५. स्थानिय, संघिय तथा केन्द्रिय सरकार सँग समन्वय गरी कर्जा सहयोग तथा अनुदान आदान प्रदान गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. नेपाल राष्ट्र बैंकको अधिनमा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था सँग समन्वय गरी कर्जा तालिम कर्जा सहयोग तथा अनुदान लिई कारोबार गर्न सञ्चालक समितीलाई अख्तियारी प्रदान गर्ने ।

७. विशेष प्रस्ताव पारित भए पश्चात् प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन स्वीकृत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रको कार्यालय, नेपाल राष्ट्र बैंक, कर कार्यालय लगायत) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक संशोधन, थपघट तथा समायोजन गर्ने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. यस वार्षिक साधारण सभा प्रयोजनका लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७५/०९/२९ गते देखि २०७५/१०/१९ गते सम्म बन्द रहनेछ । मिति २०७५/०९/२६ गतेसम्म नेपाल स्टक एक्सचेन्जलि. मा कारोबार भई तोकिएको समयावधि भित्र यस संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नाग पोखरी, काठमाण्डौंमा शेयर नामसारीका लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरुलाई मात्र साधारण सभा प्रयोजनका लागि शेयरधनी कायम गरिनेछ ।

२. साधारण सभामा भाग लिन आउँदा शेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाले जारी गरेको प्रवेश पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

३. शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा बिहान १०:०० बजे बाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ ।

४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै प्रोक्सी फारम संस्थाको केन्द्रीय कार्यालय वालिङ्ग, ८ स्याङ्गजामा दर्ता गराइ सक्नुपर्नेछ । शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन वा शेयर विभाजन गरिदिन पाइने छैन । एक जना शेयर धनीले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी नियुक्ति गर्ने आफैं उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफैं उपस्थित भई लिखित सूचना दिनु पर्नेछ ।

५. नाबालकको हकमा संरक्षकले मात्र सभामा भाग लिन, प्रतिनिधि तोक्न पाउनेछ । शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्ति मात्र संरक्षक मानिनेछ ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ ।

७. छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनि महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषयबारे सभा हुनुभन्दा ७ दिन अगावै संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । सो जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइने छैन ।

८. साधारण सभा सम्बन्धमा केहि थप जानकारी आवश्यक परेमा वा बार्षिक प्रतिवेदन प्राप्त नभएमा कार्यालय समय भित्र कार्यालयको फोन नं.०६३-४४०५५५/४४०७०४ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन सकिने छ ।